जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २५२ | २०८३ साल बैशाख १४ गते सोमवार | Monday-27-April-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## सीमामा कडाइको दाबीबीच बाराका विभिन्न नाकाबाट तस्करी मौलायो

शु.आ. संवाददाता
बारा, १३ बैशाख

नेपाल-भारत सीमा क्षेत्रमा सुरक्षाकर्मीको कडाइ बढाइएको दाबी भइरहेकै बेला बारा जिल्लाका विभिन्न नाकाबाट ठूलो मात्रामा कपडा लगायतका सामानको तस्करी खुल्ला रूपमा भइरहेको आरोप सार्वजनिक भएको छ। मुसहर्वा, छतवा, बलरामपुर, मटिअर्वा, कबहिगोठ र सिम्रौनगढ नाकाबाट दैनिक रूपमा अवैध सामान भित्रिने क्रम नरोकिँदा स्थानीयस्तरमा गम्भीर प्रश्न उठन थालेका छन्।

स्थानीयवासीका अनुसार सीमा क्षेत्रमा खटिएका नेपाल प्रहरी र सशस्त्र प्रहरीको उपस्थितिमै विशेषगरी रातिको समयमा संगठित समूहहरूले ठूलो परिमाणमा कपडा तथा अन्य सामग्री भित्र्याउने गरेको देखिन्छ। "दिनमा कडाइ देखाउने तर राति लाइन खुला गर्ने अवस्था छ," एक स्थानीयले गुनासो गर्दै भने, "यसले सुरक्षा संयन्त्रमाथि नै शंका उत्पन्न गरेको छ।"

सरकारले भारतबाट १०० रुपैयाँभन्दा बढीको सामान ल्याउँदा भन्सार तिर्नुपर्ने नियम कडाइका साथ लागू गरिरहेको अवस्थामा सामान्य नागरिक भने बढी मारमा परेको देखिन्छ। साना किनमेल गरेर फर्किने सर्वसाधारणलाई समेत जाँचका नाममा दुःख दिने, सामान



जफत गर्ने वा अपमानजनक व्यवहार गर्ने गुनासो बढ्दो छ।

तर, यता ठूला तस्कर समूहहरू भने दैनिक रूपमा करोडौं मूल्य बराबरको कपडा तथा अन्य सामान अवैध रूपमा नेपाल भित्र्याउँदा पनि सुरक्षाकर्मी मौन बसिरहेको आरोप लाग्दै आएको छ।

"२ हजार रुपैयाँको घरायसी सामान ल्याउँदा राजस्व छल्ने आरोप लाग्छ, तर करोडौंको तस्करी हुँदा कसले जिम्मा लिन्छ?" अर्का एक स्थानीयले प्रश्न गरे।

विशेषगरी मुसहर्वा नाकामा पछिल्लो समय तस्करहरूको सक्रियता झन् बढेको बताइन्छ। दिनमै मात्र होइन, रातिको समयमा समेत समूहगत रूपमा अवैध कारोबार सञ्चालन भइरहेको स्थानीयको दाबी छ। यसले सीमाक्षेत्रमा कानुनी शासनभन्दा पनि 'सेटिङ'को आधारमा काम भइरहेको आशंका बलियो बनाएको छ।

यता, सुरक्षाकर्मीले भने सीमामा निगरानी कडा पारिएको र अवैध गतिविधि नियन्त्रणका लागि निरन्तर प्रयास भइरहेको दाबी गर्दै आएका छन्। तर, स्थानीयस्तरमा उठेका प्रश्न र गुनासोले वास्तविक अवस्था फरक रहेको संकेत गरेको छ।

विज्ञहरूका अनुसार यदि यस्ता गतिविधि तत्काल नियन्त्रणमा नल्याइए राज्यको राजस्वमा ठूलो क्षति हुनुका साथै सीमाक्षेत्रमा अपराधजन्य गतिविधि थप मौलाउने जोखिम रहन्छ। उनीहरूले निष्पक्ष छानबिन, जिम्मेवार निकायको जवाफदेहिता र कडाभन्दा कडा कारबाहीको माग गरेका छन्।

सीमामा कडाइको नारामात्र होइन, व्यवहारमा पारदर्शिता र समानता आवश्यक रहेको भन्दै स्थानीयले सरकार र सुरक्षा निकायसँग ठोस कदम चाल्न आग्रह गरेका छन्।

## निर्माण लापरबाहीले निम्तो बाँड्न निस्किएका युवकको ज्यान गयो

शु. आ. सम्वाददाता
रौतहट, १३ वैशाख

गौर-चपुर सडक खण्ड अन्तर्गत निर्माणाधीन कल्भर्टमा खसेर एक युवकको दुःखद मृत्यु भएको छ। भारतको बिहार राज्य सीतामढी जिल्ला बैरगनिया प्रखण्ड वडा नं. १ सेनुरिया टोल निवासी २० वर्षीय विशाल महतोको शनिबार राति करिब ११ बजेतिर घटनास्थलमै ज्यान गएको हो।



प्राप्त जानकारी अनुसार, आफ्नै विवाह (२०८३ वैशाख २५ गते) का निम्तो कार्ड बाँड्ने क्रममा रौतहटको गरुडा नगरपालिका-१ जयनगरस्थित आफन्तको घरतर्फ जाँदै गरेका महतो गौर नगरपालिका-६ सवगढा क्षेत्रमा निर्माणाधीन सडकको कल्भर्टमा मोटरसाइकलसहित खसेका थिए।

स्थानीयवासी तथा आफन्तका अनुसार निर्माणको जिम्मा पाएको कम्पनीले न्यूनतम सुरक्षा मापदण्डसमेत पालना नगर्दा दुर्घटना भएको हो। घटनास्थलमा चेतावनी बोर्ड, संकेत चिन्ह, रातिको लागि रिफ्लेक्टर वा बत्ती, तथा सुरक्षा घेराको अभाव रहेको बताइएको छ।

गौर-चन्द्रनिगाहपुर सडक स्तरोन्नति तथा चार लेन विस्तार योजनाअन्तर्गत करिब ४४.१४ किलोमिटर क्षेत्रमा काम भइरहेको भए पनि निर्माणस्थलमा आवश्यक ट्राफिक व्यवस्थापन र सुरक्षा संयन्त्र प्रभावकारी रूपमा लागू नभएको देखिएको छ।

घटनापछि आक्रोशित स्थानीयवासीहरूले उच्चस्तरीय छानबिनको माग गर्दै निर्माण कम्पनीमाथि कडा कारबाही र मृतक परिवारलाई उचित क्षतिपूर्ति दिनुपर्ने बताएका छन्। उनीहरूले निर्माणस्थलमा लापरवाही, कमजोर अनुगमन र पूर्वसूचना अभावका कारण यस्ता दुर्घटना दोहोरिँदै आएको गुनासोसमेत गरेका छन्।

## गण्डक नहर क्षेत्र अतिक्रमण हटाउन डोजर चलाइयो, संरचना भत्काइँदै

शु.आ. संवाददाता
पर्सा, १३ बैशाख

नारायणी सिँचाइ तथा व्यवस्थापन कार्यालयले गण्डक नहरको डिल तथा आसपासको क्षेत्रमा भएको अतिक्रमण हटाउने अभियानलाई आइतबारदेखि कडाइका साथ अघि बढाएको छ। नहरको पानी प्रवाहमा अवरोध नहोस् र दीर्घकालीन संरचनागत सुरक्षा सुनिश्चित होस् भन्ने उद्देश्यसहित सञ्चालन गरिएको उक्त अभियानअन्तर्गत डोजर प्रयोग गरी अवैध संरचना भत्काउने कार्य सुरु गरिएको हो।

कार्यालयका अनुसार नहरको क्षेत्रभित्र लामो समयदेखि विभिन्न व्यक्तिहरूले घर, टहरा, पसल तथा अन्य अस्थायी-स्थायी संरचना निर्माण गर्दै आएका थिए। पटक-पटक सूचना जारी गर्दै अतिक्रमित संरचना हटाउन आग्रह गरिए पनि स्थानीय स्तरमा अटेरी भएपछि अन्ततः बाध्य भएर कारबाही प्रक्रिया अघि बढाइएको हो।

अभियानका क्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र स्थानीय प्रशासनको समन्वयमा सुरक्षा व्यवस्था कडा पारिएको थियो। सम्भावित तनाव र अवरोधलाई ध्यानमा राख्दै पर्याप्त



सुरक्षाकर्मी परिचालन गरिएको कार्यालयले जनाएको छ।

नारायणी सिँचाइ तथा व्यवस्थापन कार्यालयका अधिकारीहरूले गण्डक नहर राष्ट्रिय महत्वको संरचना भएकाले यसको संरक्षणमा कुनै सम्झौता नहुने स्पष्ट पारेका छन्। उनीहरूका अनुसार अतिक्रमणका कारण नहरको नियमित मर्मत कार्यमा कठिनाइ हुनुका साथै पानी प्रवाह प्रणाली समेत प्रभावित हुँदै आएको थियो।

स्थानीय प्रशासनले यसअघि विभिन्न चरणमा सूचना, चेतावनी तथा समयसीमा तोकेर अतिक्रमण हटाउन आग्रह गरेको भए पनि अपेक्षित रूपमा कार्यान्वयन नभएपछि अन्ततः डोजर परिचालन गरिएको बताइएको छ। कार्यालयले नहर क्षेत्रलाई पूर्ण रूपमा अतिक्रमणमुक्त बनाउन यो अभियान निरन्तर रहने जनाएको छ। साथै, भविष्यमा पुनः अतिक्रमण हुन नदिन नियमित अनुगमन तथा निगरानी प्रणालीलाई थप प्रभावकारी बनाइने पनि बताइएको छ।

स्थानीय स्तरमा भने केही प्रभावित परिवारले वैकल्पिक व्यवस्थापनबिना तत्काल संरचना भत्काइएको भन्दै असन्तुष्टि जनाएका छन्। यद्यपि प्रशासनले सार्वजनिक संरचना संरक्षणका लागि गरिएको यो कदम कानुनी दायराभित्र रहेको दाबी गरेको छ।

## महुवनमा गुठी जग्गा अतिक्रमण हटाउन डोजर, ३८० संरचना भत्काइयो

हरिकिशोर शर्मा
पर्सा, १३ बैशाख

पर्साको सखुवा प्रसौनी गाउँपालिका-५ महुवनस्थित पारसनाथ महादेव महुवन मठअन्तर्गत पर्ने गुठी संस्थानको अतिक्रमित करिब ५ बिघा जग्गा आइतबार डोजर प्रयोग गरी खाली गराइएको छ।



मधेस प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयको निर्देशन तथा गाउँपालिकाको अग्रसरतामा बिहानैदेखि ७ वटा डोजर परिचालन गरी अतिक्रमण हटाइएको हो। उक्त क्षेत्रको कित्ता नम्बर २७६ मा पर्ने करिब ५ बिघा ६ कट्ठा क्षेत्रफलको रहेको पोखरीको डिलसहित गुठीको जग्गामा अवैध रूपमा घरटहरा लगायतका संरचना निर्माण गरी अतिक्रमण गरिएको थियो।

गाउँपालिका अध्यक्ष जसवन्त यादवका अनुसार मधेस प्रदेशका गृहमन्त्री फकिरा महतोको निर्देशनमा सुरक्षाकर्मीको सहयोगसहित अतिक्रमण हटाउने काम सञ्चालन गरिएको हो। डोजर प्रयोग गरी हालसम्म करिब ३८० वटा घरटहरा भत्काएर हटाइएको उनले जानकारी दिए।

यसअघि २०८१ माघ ४ गते गाउँपालिकाले सूचना जारी गर्दै तीन दिनभित्र अतिक्रमण हटाउन आग्रह गरेको थियो। त्यस्तै, गुठी संस्थान वीरगञ्जले पनि २०८१ पुस २९ गते सूचना प्रकाशित गर्दै अतिक्रमित क्षेत्र खाली गर्न चेतावनी दिएको थियो। तर, ती प्रयासहरू प्रभावकारी हुन नसक्दा अहिले कडा कदम चालिएको जनाइएको छ।

गाउँपालिका अध्यक्ष यादवका अनुसार महुवन क्षेत्रमा गुठीकै थप करिब २९ बिघा अतिक्रमित जग्गा पनि चरणबद्ध रूपमा खाली गराउने प्रक्रिया अघि बढाइएको छ। स्थानीय प्रशासनले अतिक्रमण हटाउने कार्यलाई निरन्तरता दिने जनाएको छ भने प्रभावित पक्षले उचित व्यवस्थापन र पुनर्स्थापनाको माग समेत उठाउन थालेका छन्।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ। - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com

## सम्पादकीय..........

### सीमा सुरक्षामाथि उठेको प्रश्न र निष्पक्ष छानबिनको आवश्यकता

सीमा सुरक्षा जस्तो संवेदनशील जिम्मेवारीमा खटिएका एक उच्च अधिकृतमाथि गम्भीर आरोप लागेर छानबिनको दायरामा आउनु सामान्य प्रशासनिक विषय होइन, यो सम्पूर्ण सुरक्षा संयन्त्रको विश्वसनीयतासँग जोडिएको विषय हो । बाराको मटिअर्वास्थित सशस्त्र प्रहरी बल नेपाल अन्तर्गत सीमा सुरक्षा गुल्ममा कार्यरत डीएसपी नारायण प्रसाद पौडेललाई मदिरा सेवन तथा अवैध तस्करीमा संलग्नताको आरोपपछि गणमा तानिनु यसै सन्दर्भमा गम्भीर रुपमा लिनुपर्ने घटना हो ।
सीमा क्षेत्रमा कबाड तथा कपडाको अवैध ओसारपसारमा संलग्न समूहसँग मिलेमतो गरेको भन्ने आरोप, साथै कार्यक्षेत्रमै अनुपस्थित रहनु र अनुशासनहीन व्यवहारसम्बन्धी विवरण सार्वजनिक हुनु सुरक्षा निकायको आन्तरिक अनुशासनप्रति गम्भीर प्रश्न उठाउने विषय हो । यस्तो संवेदनशील क्षेत्रमा खटिएका अधिकृत स्वयंमाथि यस्ता आरोप आउनु दुर्भाग्यपूर्ण मात्र नभई राज्यको सीमा सुरक्षा प्रणालीप्रति जनविश्वास कमजोर बनाउने संकेत पनि हो ।
यद्यपि, हालसम्म सम्बन्धित निकायबाट औपचारिक छानबिन निष्कर्ष सार्वजनिक भइनसकेकाले आरोपलाई नै अन्तिम सत्यका रुपमा स्वीकार गर्न मिल्दैन । आरोप र प्रमाणबीच स्पष्ट भिन्नता रहने भएकाले निष्पक्ष अनुसन्धान नै यस घटनाको मूल आधार हुनुपर्छ । यदि आरोप पुष्टि भएमा कडा कानुनी तथा विभागीय कारबाही अनिवार्य हुन्छ भने, आरोप असत्य ठहरिएमा सम्बन्धित अधिकृतको सम्मान र पेशागत प्रतिष्ठा पुनःस्थापना गर्नु उत्तिकै आवश्यक हुन्छ ।
सशस्त्र प्रहरी बल जस्तो अनुशासित संगठनभित्र हुने यस्ता घटनाले केवल व्यक्तिगत छविमा मात्र होइन, सम्पूर्ण संस्थागत विश्वसनीयतामा असर पार्ने भएकाले छानबिन प्रक्रियालाई कुनै पनि बाह्य वा आन्तरिक दबाबबाट प्रभावित हुन नदिई पारदर्शी रुपमा सम्पन्न गर्न आवश्यक छ ।
सीमा क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रण गर्ने जिम्मेवारी बोकेको निकाय स्वयंमाथि प्रश्न उठ्नु गम्भीर चेतावनी हो । यसले आन्तरिक निगरानी प्रणाली अझ सुदृढ बनाउनुपर्ने आवश्यकता देखाएको छ ।
अन्ततः, मटिअर्वा घटना केवल एक व्यक्तिको विषय नभई सीमा सुरक्षाको समग्र व्यवस्थापन, अनुशासन र जवाफदेहितामाथि पुनर्विचार गर्ने अवसर पनि हो । निष्पक्ष छानबिन र स्पष्ट निष्कर्षले मात्र जनविश्वास पुनः स्थापित गर्न सकिन्छ ।

# सार्वजनिक ऋणमा त्रास



शर्मिला ठकुरी

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले 'मध्यकालीन ऋण व्यवस्थापन रणनीति, आर्थिक वर्ष २०८२/८३ – २०८४/८५' मा २०८५ असार मसान्तसम्म नेपालको सार्वजनिक ऋण ४२.५ प्रतिशतमा सीमित राख्ने लक्ष्य राखेको छ।
प्रसंग केही दिनअघिको हो । राइड सेयरिङ 'पठाओ'मा घर फर्कँदै थिएँ। चालक वर्तमान सरकारप्रति त्यत्ति खुसी देखिएनन्। सरकारले अनावश्यक ऋण बोकाएको गुनासो उनको रहेछ। प्रश्न गरें- 'कसरी ?' उनले जवाफ दिए- 'चैत २२ गते सरकारले झन्डै साढे २७ अर्ब लिने निर्णय गऱ्यो । पुरानाले त ऋण बोकाएकै थिए, नयाँले पनि बोकाए। त्यो ऋण हामीले नै त हो नि तिर्ने ?' सोधें- 'तपाईंले यस्तो कुरा कसरी थाहा पाउनुभयो ?' 'फेसबुक हेर्नुस् न त्यहाँ सबै राखेको छ नि। यत्रो रकम किन लिएको होला, बेकारमा हामीलाई ऋण बोकाएर ?' उनले आक्रोश मिश्रित धारणा व्यक्त गरे। यो प्रसंग आजका धेरै नेपालीको बुझाइको प्रतिनिधित्व गर्ने दृष्टान्त पनि हो।
नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक एवं राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ सरकारले लिने ऋणका बारेमा सही सूचना प्रसारित नहुँदा ऋणप्रति नकारात्मक धारणा रहेको बताउँछन्। '२०६८ तिर विराटनगरस्थित राष्ट्र बैंकको कार्यालयमा एक वृद्ध आफ्नो भागमा परेको सरकारको ऋण तिर्न भनेर पैसा बोकेर आएको सम्झन्छु', श्रेष्ठले भने, 'ती वृद्धले प्रत्येक व्यक्तिको टाउकोमा १७ हजार ऋण' भन्ने समाचार पढेका रहेछन्। कसैको ऋण नखाएको र ऋण बोकेर मर्न नचाहने भन्दै उनी आफू र श्रीमतीका भागमा पर्ने ऋण चुक्ता गर्न नगद लिएर आएका थिए । उनलाई सम्झाएर घर पठाउनुपरेको थियो।'
पूर्वमुख्यसचिव बैकुण्ठ अर्यालसँग पनि यस्तै अनुभव रहेछ । उनी अर्थ मन्त्रालयको सहसचिव हुँदा केही मानिसले पटकपटक फोन गरेर 'सरकारको ऋण खाएर मर्न नचाहने भएकाले कुन खातामा पैसा जम्मा गरिदिने हो ?' भनेको सम्झन्छन् । मनोविद् सृष्टि भट्टराई यस्ता समाचारले जनतालाई अनावश्यक चिन्ता हुने बताउँछिन्। उनी भन्छिन्- 'नेपालीहरू ऋणको बोझ बोक्न चाहँदैनन्। ऋण नतिरी मर्दा नर्क जानुपर्छ भन्ने विश्वास भएकाले मानिसमा ऋण भन्नेबित्तिकै तिर्नैपर्ने दबाब हुन्छ । यस्ता समाचारहरूले मानिसमा चिन्ता, बेचैनी र अवसाद (डिप्रेसन) सम्म पुऱ्याउँछ।' २०६८ तिर विराटनगरस्थित राष्ट्र बैंकको कार्यालयमा एक वृद्ध आफ्नो भागमा परेको सरकारको ऋण तिर्न भनेर पैसा बोकेर आएको सम्झन्छु।
आठ वर्षमा नेपालको ऋण तीन गुणा वृद्धि : पछिल्लो आठ वर्षमा नेपालले आन्तरिक र बाह्य गरेर थप २० खर्ब १६ अर्ब रुपैयाँ ऋण लिएको छ। अर्थ मन्त्रालयको विवरणअनुसार २०७४ असार मसान्तमा नेपालको ऋण ९ खर्ब १७ अर्ब रुपैयाँ थियो । २०८२ चैत मसान्तमा आइपुग्दा सार्वजनिक ऋण २९ खर्ब ३३ अर्ब रुपैयाँ पुगेको छ । जुन ३१९ प्रतिशतभन्दा धेरै हो । चैत मसान्तसम्मको ऋण हेर्ने हो भने नेपालको कुल गार्हस्थ उत्पादन (जीडीपी) को ४८.०४ प्रतिशत छ। अर्थ मन्त्रालयका अनुसार नेपालको चालु आर्थिक वर्षको जीडीपी ६१ खर्ब ०७ अर्बको छ। चालु आर्थिक वर्षको ९ महिनामा नेपालको ऋण २ खर्ब ६४ अर्ब रुपैयाँले बढेको छ। बढेको ऋणमध्ये १ खर्ब २० अर्ब आन्तरिक र १ खर्ब ४४ अर्ब बाह्य ऋण रहेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांक छ । यो ऋण प्रतिनेपालीलाई भाग लगाउँदा एक जनाको भागमा १ लाख ५ सय ९४ रुपैयाँ पुग्छ । 'नेपाल मात्र नभएर विश्वका सबैजसो देश ऋणमा डुबेका हुन्छन्'- योजना आयोगका पूर्वउपाध्यक्ष डा. श्रेष्ठ भन्छन्- 'तर अन्य देशको ऋणले राज्यलाई पनि मुनाफा दिइरहेको छ। नेपालमा ऋणको सदुपयोग भएको भए फिर्ता आएर थप आर्थिक वृद्धि हुन्थ्यो।'
पूर्वअर्थमन्त्री रामेश्वर खनाल ऋणको सदुपयोग महत्वपूर्ण पक्ष रहेको बताउँछन् ।
उनी भन्छन्- 'सही उद्देश्यका साथ ऋण लिएर सदुपयोग गर्न सके ऋणले आर्थिक वृद्धिमा सघाउँछ ।' अर्का पूर्वअर्थमन्त्री डा. युवराज खतिवडा कुनै पनि देशले देशको कामकाज सञ्चालनका लागि ऋण लिने गरेको बताउँछन् । अर्थमन्त्री हुँदा पनि डा. खतिवडा अनुदानभन्दा ऋण लिनु उपयुक्त भएको बताउँथे।
नेपालको बाह्य ऋणको जोखिम बढी : नेपालले लिने ऋण विकसित देशको तुलनामा धेरै जोखिमयुक्त छ। नेपालको कुल ऋणको करिब ५३ प्रतिशत बाह्य ऋण छ। यसमध्ये एसियाली विकास बैंक र विश्व बैंकको ऋण ८० प्रतिशतभन्दा बढी रहेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांक छ। बाह्य ऋण डलरमा लिने गरिन्छ। नेपाली मुद्रा भारतीय मुद्रासँग स्थिर विनिमयदर (पेग) को अवस्थामा छ। जसका कारण डलरको मूल्यको उतारचढावको सीधा प्रभाव नेपालको ऋण र तिर्नुपर्ने ब्याजमा पर्दछ । नेपालले ब्याज भुक्तानी डलरमा गर्नुपर्ने हुन्छ । अर्थशास्त्री नरबहादुर थापा भन्छन्- 'डलरको भाउमा उतारचढाव आउनेबित्तिकै त्यसको असर नेपालको ऋणको
साँवाब्याज भुक्तानीमा पर्छ।'
सरकारले किन थप्दै छ विदेशी ऋण : वर्तमान सरकार बाह्य ऋण लिन प्रोत्साहित भएको देखिन्छ । यसको मुख्य कारण सन् २०२६ को नोभेम्बर २४ (अर्थात् २०८३ मंसिर ८) मा बस्ने संयुक्त राष्ट्रसंघको महासभाले नेपाललाई अतिकम विकसितबाट विकासशील देशमा स्तरोन्नति गर्ने तालिका हो। नेपाल विकासशील देशमा पुग्नेबित्तिकै सहुलियतपूर्ण कर्जा पाउन छाड्छ, जसले नेपालको अर्थतन्त्रलाई थप समस्यामा पार्न सक्छ। नेपालले विश्व बैंक र एसियाली विकास बैंकबाट सहुलियतपूर्ण कर्जा (०.५ देखि बढीमा २ प्रतिशतसम्म ब्याजमा) लिँदै आएको छ । विकासशील देशमा स्तरोन्नति भएपछि
सो सुविधा पाइँदैन।
'नेपालले अहिले पाइरहेको सुविधा स्तरोन्नति हुनेबित्तिकै कटौती हुन्छ त्यसैले सहुलियतपूर्ण ऋण दिन्छु भनेको बेलामा किन नलिने ? पाएको सुविधाको सदुपयोग गरेर सरकारले ऋण लिएको हो'- अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले केही दिनअघि पत्रकारहरूसँग भनेका थिए । डा. वाग्लेले चैत २२ गते एसियाली विकास बैंक र विश्व बैंकले दिएको करिब साढे २७ अर्ब रुपैयाँ ऋण लिएको विषयमा स्पष्ट पार्दै भने, 'हामीले लिएका ऋण कहाँ कहाँ कसरी सदुपयोग गर्ने भनेर स्पष्टसँग लेखिएको छ। सबै विवरण दाताकै वेबसाइटमा छ।'
जोखिम न्यून : विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ)लगायत संस्थाहरूले कुनै पनि देशको सार्वजनिक ऋण कुल जीडीपीको ४० देखि ६० प्रतिशत उचित हुने सुझाव दिएका छन् । आईएमएफले नेपालको ऋण ४० देखि ५० को हाराहारीमा सही हुने सुझाव दिएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले 'मध्यकालीन ऋण व्यवस्थापन रणनीति, आर्थिक वर्ष २०८२/८३ – २०८४/८५' मा २०८५ असार मसान्तसम्ममा नेपालको सार्वजनिक ऋण ४२.५ प्रतिशतमा सीमित राख्ने लक्ष्य राखेको छ । तत्काल सार्वजनिक ऋणको जोखिम नदेखिए पनि बढ्दै जाँदा ऋणले जोखिम पनि बढाउन सक्ने चेतावनी आईएमएफले नेपाललाई दिइसकेको छ।
ऋण आफैंमा समस्या होइन। त्यसको प्रयोग र त्यसबारे जनतामा पुग्ने सूचनाको स्वरूप मुख्य चासोको विषय हुनुपर्छ । विकासका लागि लिइएको ऋणको सदुपयोग नभए अर्थतन्त्रमा दीर्घकालीन भार मात्र थप्छ।



## अन्तराष्ट्रिय समाचार

# ट्रम्प सहभागी डिनर पार्टीमा चलाएका थिए 'टिचर अफ द मन्थ' घोषित शिक्षकले गोली

***काठमाडौं-*** अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाइट हाउसले आयोजना गरेको डीनर कार्यक्रममा गोली चलाउने युवक ३१ वर्षीय रहेको खुलेको छ ।

बीबीसीको रिपोर्टअनुसार हमलामा संलग्नको पहिचान ३१ वर्षीय कोल टमस एलनका रूपमा भएको छ । उनी अमेरिकाको क्यालिफोर्नियाका बासिन्दा हुन् ।

सार्वजनिक अभिलेखअनुसार, एलन पार्ट-टाइम शिक्षक थिए । त्यस्तै उनी भिडियो गेम डेभलपर पनि रहेको खुलेको छ । एफबीआईले निकालेको उनको प्रोफाइलअनुसार उनी डिसेम्बर २०२४ मा 'टिचर अफ द मन्थ' पनि घोषित भएका थिए ।

उनले सन् २०१७ मा क्यालिफोर्निया इन्स्टिच्युट अफ टेक्नोलोजीबाट मेकानिकल इन्जिनियरिङमा स्नातक गरेका खुलेको छ । गत वर्षमात्रै उनले क्यालिफोर्निया स्टेट युनिभर्सिटी, डोमिङ्गुएज हिल्सबाट कम्प्युटर साइन्समा स्नातकोत्तर डिग्री हासिल गरेका थिए ।

*कार्यक्रम भएको होटलमै थिए*

प्रहरी विभागका कार्यवाहक प्रमुख जेफ्री क्यारोलका अनुसार ती युवक ट्रम्प र उपराष्ट्रपति जेडी भेन्ससहित रहेको होटलमा पाहुनाका रुपमा थिए । उक्त होटलमै ह्वाइट हाउस करेस्पोन्डेन्ट्स डिनर कार्यक्रम भइरहेको थियो । उनी बसेको कोठाको पनि प्रहरीले अनुसन्धान गरिरहेको छ ।



रिपोर्टअनुसार, हमलामा संलग्न उनीसँग एउटा सटगन, एउटा ह्यान्डगन र केही चक्कु थिए । वासिङ्टन डीसीकी मेयरले आक्रमणकारीको अहिले अस्पतालमा उपचार भइरहेको जानकारी दिएकी छन् ।

अमेरिकी अटर्नीका अनुसार आक्रणकारीलाई दुईवटा आरोप लगाइएको छ । पहिलो, हिंसात्मक अपराधका क्रममा हतियार प्रयोग गरेको र दोस्रो, खतरनाक हतियार प्रयोग गरी संघीय अधिकारीमाथि आक्रमण गरेको । उनलाई सोमबार संघीय अदालतमा पेश गरिनेछ ।

*डिनर वार्षिक कार्यक्रम*

ह्वाइट हाउस करेस्पोन्डेन्ट्स डिनर मिडिया र राजनीतिसँग सम्बन्धित एक विशेष वार्षिक कार्यक्रम हो । यसलाई ह्वाइट हाउस कभर गर्ने पत्रकारहरूको संगठन ह्वाइट हाउस करेस्पोन्डेन्ट्स एसोसिएसनले आयोजना गर्छ ।

यस कार्यक्रममा राष्ट्रपति स्वयम्ले आफू, आफ्ना विपक्षी र मिडियामाथि व्यंग्य गर्ने चलन छ । ट्रम्प गत वर्ष कार्यक्रममा सहभागी भएका थिएनन् । उनी सन् २०११ मा पाहुनाका रूपमा सहभागी भएका थिए । त्यतिबेला राष्ट्रपति बराक ओबामाले उनको मजाक उडाएका थिए, जसपछि ट्रम्पले राष्ट्रपति चुनाव लड्ने निर्णय गरेका थिए ।

*२०२४ मा गोली प्रहार*

१३ जुलाई २०२४ मा पेनसिल्भेनियामा भएको चुनावी सभाका क्रममा ट्रम्पमाथि ज्यान मार्ने प्रयास भएको थियो ।

बटलर शहरमा आयोजित र्‍यालीमा भाषण गरिरहँदा करिब ४०० फिट टाढाबाट एक हमलाकारीले असल्ट राइफलबाट गोली चलाएको थियो, जसमा एउटा गोली ट्रम्पको दाहिने कानको माथिल्लो भाग छोएर निस्किएको थियो ।

घटनालगत्तै सेक्रेट सर्भिसका एजेन्टहरूले ट्रम्पलाई सुरक्षित बाहिर निकालेका थिए । उनलाई अस्पताल लगिएको थियो र केही समयमै डिस्चार्ज गरिएको थियो ।

सुरक्षाकर्मीहरूले हमलाकारीलाई घटनास्थलमै मारेका थिए । उक्त घटनामा र्‍यालीमा सहभागी एक व्यक्तिको मृत्यु भएको थियो भने अन्य दुई जना गम्भीर घाइते भएका थिए । ट्रम्पले त्यसबेला प्रतिक्रिया दिँदै भनेका थिए, 'मलाई भगवानले जोगाउनुभयो ।' यता भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जालमार्फत पोस्ट गर्दै राष्ट्रपति ट्रम्प, फर्स्ट लेडी र उपराष्ट्रपति जेडी भेन्ससहित सबै सुरक्षित रहेकोमा राहत व्यक्त गरेका छन् ।

उनले लेखेका छन्, 'लोकतन्त्रमा हिंसाको कुनै स्थान हुँदैन र यसको स्पष्ट शब्दमा निन्दा गरिनुपर्छ ।'

## चन्द्रपुरमा......

दलबलसहित स्थलमा पुगेको थियो । सो क्रममा केही समय तनावपूर्ण अवस्था सिर्जना भएको स्थानीयले बताएका छन् ।

सामाजिक सञ्जालमा सार्वजनिक भिडियोमा एक प्राविधिकले आफू इन्जिनियर भएको भन्दै काममा अवरोध नगर्न चेतावनी दिएको दृश्य पनि देखिएको बताइएको छ ।

स्थानीयवासीले सरकारी कर्मचारी स्वयं निर्माण प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न हुनु गम्भीर विषय भएको भन्दै निष्पक्ष छानबिनको माग गरेका छन् । साथै, गुणस्तरहीन निर्माण कार्य तत्काल रोक्न र पारदर्शिता सुनिश्चित गर्न सम्बन्धित निकायसँग आग्रह गरेका छन् ।


## मोटरसाईकल चोरी भएको सूचना

मिति २०८२ साल चैत २२ गते राति १ बजेको समयमा रौतहटको फतुवा बिजयपुर नगरपालिका -६ पेटभर्वा टोल बाट मधेस प्रदेश ०३-०३६ प १६११ नम्बरको ३५० सिसि हरियो खरानी रङ्को रोयल इन्फिल्ड (Royal Enfield) क्लासिक ३५० मोडेलको मोटरसाइकल हराएको हुँदा देख्नु हुने माहानुभावले नजीकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनहुन अनुरोध गर्दछु ।

मोटरसाइकल नम्बरः मधेस प्रदेश ०३-०३६ प १६११
सवारी धनीको नाम :- उमेश कुमार यादव
ठेगानाः- साबिक गा. बि.स कचोर्वा-७ बारा
हालः- सिमरौनगढ नगरपालिका-८ बसवरिया,
ईन्जिन नम्बरः- J3ASFAS2053364
चेचिस नम्बरः- ME3J3C5FASN001023
सम्पर्क नंः- ९७६३५३८०४९



**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**


# संघीय निजामती सेवा विधेयक मस्यौदा सार्वजनिक, अवकाश उमेरदेखि 'कुलिङ पिरियड'सम्म कडा प्रावधान

***काठमाडौं, १३ वैशाख***

सरकारले संघीय निजामती सेवाको गठन, सञ्चालन र व्यवस्थापनलाई व्यवस्थित गर्न ४८ वटा नयाँ प्रावधान समेटिएको विधेयकको मस्यौदा सार्वजनिक गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको उक्त मस्यौदामा कर्मचारी व्यवस्थापन, अनुशासन र प्रशासनिक सुधारका विविध विषयलाई समेटिएको छ । मस्यौदामा निजामती कर्मचारीहरूको अवकाश उमेर ५८ वर्षबाट बढाएर ६० वर्ष पुर्‍याउने प्रस्ताव गरिएको छ । मन्त्रालयका अनुसार यसले अनुभवी जनशक्तिको उपयोग बढाउने र प्रशासनिक कार्यक्षमता सुदृढ गर्ने अपेक्षा गरिएको छ । विधेयकको अर्को महत्वपूर्ण पक्ष 'कुलिङ पिरियड' सम्बन्धी व्यवस्था हो । प्रस्तावअनुसार राजपत्राङ्कित प्रथम श्रेणी (सहसचिव) र विशिष्ट श्रेणी (सचिव) का कर्मचारीहरूले सेवा निवृत्त भएपछि दुई वर्षसम्म कुनै पनि राजनीतिक वा संवैधानिक पदमा नियुक्ति लिन पाउने छैनन् । यस व्यवस्थाले प्रशासनिक तटस्थता र निष्पक्षता कायम राख्न मद्दत गर्ने विश्वास गरिएको छ ।




त्यस्तै, बहालवाला निजामती कर्मचारीले राजनीतिक गतिविधिमा संलग्नता जनाएमा कडा कारबाहीको व्यवस्था गरिएको छ । मस्यौदाअनुसार कुनै कर्मचारी राजनीतिक दल वा भ्रातृ संगठनसँग आवद्ध भएको पाइएमा भविष्यमा सरकारी सेवाबाट अयोग्य ठहर गर्दै बर्खास्त गरिने उल्लेख छ । स्थानीय तहमा कर्मचारी व्यवस्थापनलाई थप व्यवस्थित बनाउन प्रमुख प्रशासकीय अधिकृतको पदस्थापनमा पनि नयाँ अभ्यास प्रस्ताव गरिएको छ । अब संघीय सरकारले सिधै स्थानीय तहमा कर्मचारी नखटाई प्रदेशगत रूपमा मुख्यमन्त्री कार्यालयमा पठाउनेछ, जहाँबाट सम्बन्धित प्रदेश सरकारले स्थानीय तहमा पदस्थापन गर्ने व्यवस्था गरिनेछ । सरकारले विधायन ऐन, २०८१ अनुसार उक्त मस्यौदामाथि सरोकारवाला र आम नागरिकबाट सात दिनभित्र सुझाव मागेको छ । प्राप्त सुझावलाई समेटेर विधेयकलाई अन्तिम रूप दिई संसद्मा प्रस्तुत गरिने तयारी रहेको मन्त्रालयले जनाएको छ । लामो समयदेखि प्रतिक्षा गरिएको संघीय निजामती सेवा सम्बन्धी कानुन अब कार्यान्वयनमा आए प्रशासनिक संरचना थप सुदृढ, उत्तरदायी र व्यवस्थित हुने अपेक्षा गरिएको छ ।

# कलैयामा निःशुल्क अपाङ्गता पहिचान शिविर, १०६ जनाले सेवा लिए

साजिर मन्सूर
बारा, १३ वैशाख

कलैया उपमहानगरपालिकाको समन्वय तथा अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्रको आयोजनामा आइतबार सञ्चालन गरिएको निःशुल्क शारीरिक अपाङ्गता पहिचान तथा स्वास्थ्य परीक्षण शिविरबाट १०६ जनाले सेवा लिएका छन् ।

उपमहानगरपालिका कार्यालय प्राङ्गणमा आयोजित शिविरमा ६४ जना बालक, ३० जना बालिका, ५ जना महिला र ७ जना पुरुष सहभागी भएका थिए । महिला, बालबालिका शाखा प्रमुख नेहा केशरीका अनुसार शिविरमा हाडजोर्नी तथा विभिन्न शारीरिक समस्या भएका बिरामीहरूको परीक्षण गरिएको थियो । शिविरका क्रममा ३ जनालाई ह्वीलचेयर वितरण गरिएको छ भने २ जनालाई ह्वीलचेयरका लागि सिफारिस गरिएको छ । त्यस्तै, १ जनालाई वाकर उपलब्ध गराइएको छ भने २० जनालाई विभिन्न सहायक उपकरणका लागि सिफारिस गरिएको आयोजकले जनाएको छ ।



यसैगरी, १७ जनालाई थप उपचारका लागि अस्पताल बोलाइएको छ । शिविरमा सहभागी सबै १०६ जनाले फिजियोथेरापी सेवा लिएका छन् भने ९० जनालाई आवश्यक औषधि वितरण गरिएको छ ।

आयोजकका अनुसार स्थानीय स्तरमै निःशुल्क सेवा प्रदान गर्दै शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको पहिचान र उपचारमा शिविर प्रभावकारी बनेको छ । यस्ता कार्यक्रम आगामी दिनमा पनि निरन्तर सञ्चालन गरिने जनाइएको छ ।

यसैबीच, शिविरको निरन्तरता स्वरूप सोमबार शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, कलैया-१३ बलिरामपुरमा कार्यक्रम आयोजना गरिने जानकारी आयोजक रमेश पटेलले दिएका छन् ।


## फेटा गाउँपालिका द्वारा जनहितमा जारी सन्देश

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन संहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

**फेटा गाउँपालिकाको कार्यालय, फेटा, बारा**



## गुजरा नगरपालिका द्वारा जनहितमा जारी सन्देश

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन संहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

**गुजरा नगरपालिकाको कार्यालय सिमरा भवानीपुर, रौतहट**


तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# रौतहटको गंगापिपरामा पोखरीमा डुबेर ५ वर्षीय बालकको मृत्यु

*शु. आ. सम्वाददाता*
*रौतहट, १३ वैशाख*

जिल्लाको दुर्गा भगवती गाउँपालिकामा पोखरीमा डुबेर एक जना नाबालकको असामयिक निधन भएको छ । आइतवार साँझ नुहाउने क्रममा डुबेर ५ वर्षीय बालकको ज्यान गएको हो।

घटनाको विवरण दुर्गा भगवती गाउँपालिका वडा नम्बर १ गंगापिपरास्थित ब्रह्मस्थान नजिकै रहेको सार्वजनिक पोखरीमा आइतबार साँझ करिब ६ बजे स्थानीय गौरीशंकर साह कलवारका ५ वर्षीय छोरा कृष्ण कुमार साह (कृष) नुहाउन गएका थिए । नुहाउने क्रममा अचानक गहिरो पानीमा पुगेपछि बालक बेपत्ता भएका थिए ।



बालक हराएको खबर पाउनेबित्तिकै परिवारजन र स्थानीयवासीले खोजी सुरु गरेका थिए । स्थिति गम्भीर देखेपछि तत्काले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको टोली घटनास्थलमा पुगेको थियो ।

उद्धार र उपचारको प्रयास स्थानीय बासिन्दा र सुरक्षाकर्मीको झण्डै ४५ मिनेटको अथक प्रयासपछि बालकलाई पोखरीको पानीमुनिबाट फेला पारिएको थियो । उद्धारलगत्तै उनलाई प्राथमिक उपचार र थप उपचारका लागि नजिकैको स्वास्थ्य केन्द्र पुऱ्याइएको थियो । तर अस्पताल पुऱ्याउनासाथ चिकित्सकहरूले उनलाई मृत घोषणा गरे । प्रहरी अनुसन्धान जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार मृतक बालकको शवलाई कानुनी प्रक्रिया पूरा गरी पोस्टमार्टमका लागि गौरस्थित प्रादेशिक अस्पताल पठाइएको छ । घटनाका सम्बन्धमा थप आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाए । गाउँमा शोकको लहर कलिलो उमेरका बालकको आकस्मिक निधनले गंगापिपरा गाउँ यतिबेला शोकमा डुबेको छ । गर्मी बढ्दै जाँदा गाउँघरका पोखरी तथा खोलाहरूमा नुहाउन जाने बालबालिकाहरूको संख्या बढ्ने र यस्ता दुखद घटनाहरू दोहोरिने गरेकाले अभिभावकहरूलाई सचेत रहन स्थानीय प्रशासनले आग्रह गरेको छ ।

# पर्सामा अवैध साल काठ सहित ट्याक्टर नियन्त्रणमा, एक जना पक्राउ

*शु.आ. संवाददाता*
*पर्सा, १३ वैशाख*

पर्सामा अवैध रूपमा ओसारपसार हुँदै गरेको सालको काठसहित एक ट्याक्टर नियन्त्रणमा लिइएको छ । आइतबार बिहान वीरगन्ज महानगरपालिका-३१ स्थित मिलनचोक क्षेत्रमा संयुक्त गस्तीका क्रममा उक्त काठ बरामद गरिएको हो ।



सबैया सब-डिभिजन वन कार्यालय, स्थानीय साझेदारी वन उपभोक्ता समूह तथा सुरक्षाकर्मीको संयुक्त टोलीले प्रदेश २-०३-००१ त १५७५ नम्बरको ट्याक्टर जाँच गर्ने क्रममा अवैध साल काठ फेला पारेपछि नियन्त्रणमा लिएको जनाएको छ ।

घटनामा संलग्न रहेको आरोपमा वीरगन्ज-२९ मुसौली निवासी कृष्ण प्रसाद साहलाई पक्राउ गरिएको छ । बरामद गरिएको करिब २४ फिट सालको काठसहित ट्याक्टरको अनुमानित मूल्य करिब १५ लाख रुपैयाँ रहेको वन कार्यालयले जनाएको छ ।

पक्राउ परेका व्यक्ति र बरामद सामग्रीलाई आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाउन डिभिजन वन कार्यालय पर्सामा बुझाइएको रेन्जर भुपाल रोकायले जानकारी दिए ।

वन कार्यालयले अवैध काठ तस्करी नियन्त्रणका लागि आगामी दिनमा गस्ती तथा निगरानी थप कडा बनाउने चेतावनी दिएको छ ।

# चन्द्रपुरमा सडक-नाला निर्माणमा अनियमितता आरोप, स्थानीयको विरोध चर्कियो

*रौतहट, १३ वैशाख*

रौतहटको चन्द्रपुर नगरपालिका-७ नयाँबस्ती टोलमा भइरहेको सडक तथा नाला निर्माण कार्यमा अनियमितता भएको भन्दै स्थानीयवासीले तीव्र विरोध जनाएका छन् । निर्माण गुणस्तर कमजोर रहेको र सरकारी संयन्त्रमै मिलेमतो भएको आशंका व्यक्त गर्दै स्थानीयले कामप्रति असन्तुष्टि जनाएका हुन् ।




स्थानीयका अनुसार सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरअन्तर्गत कार्यरत इन्जिनियर सुरेन्द्र शाहको संलग्नतामा आफन्तको नाममा दर्ता गरिएको निर्माण कम्पनीमार्फत ठेक्का सञ्चालन गरिएको आरोप छ । उक्त कम्पनीले सुरुदेखि नै प्राविधिक मापदण्ड विपरीत काम गर्दै कमसल सामग्री प्रयोग गरेको उनीहरूको दाबी छ ।

सडक डिभिजन कार्यालयले सो क्षेत्रमा सडक तथा नाला निर्माणका लागि करिब १ करोड ८३ लाख रुपैयाँको ठेक्का दिएको थियो । उक्त ठेक्का श्री गायत्री माँ/एस.के.एस.ए.जे.भी, जनकपुरले लिएको छ । स्थानीयले कम्पनीका सञ्चालक इन्जिनियर शाहका नजिकका आफन्त भएको दाबी गर्दै स्वार्थ बाझिएको विषय उठाएका छन् ।

स्थानीय उपेन्द्र यादवका अनुसार सडकमा आवश्यक ग्रेडिङ नगरी हतारमा ढुंगा बिछ्याउने र नालामा कमजोर सामग्री प्रयोग गर्ने काम भइरहेको छ । "यसरी बनाइएको संरचना दीर्घकालीन रूपमा टिकाउ हुँदैन," उनले भने ।

विरोध बढेपछि प्राविधिक टोली

बाँकी तेश्रो पृष्ठमा

# विपन्न परिवारलाई रास्वपा युवा नेता कृष्ण साहद्वारा खाद्यान्न र नगद सहयोग

हरिकिशोर शर्मा
पर्सा, १३ वैशाख

पर्साको जगरनाथपुर गाउँपालिका-४ मा एक विपन्न परिवारलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का युवा नेता कृष्ण साहले खाद्यान्न सामग्री तथा नगद सहयोग प्रदान गरेका छन् ।



स्थानीय स्तरमा समाजसेवामा सक्रिय साहले विवाहको तयारी गरिरहेको तर आर्थिक अभावका कारण समस्या झेलिरहेको परिवारबारे जानकारी पाएपछि सहयोग गरेका हुन् । कार्यक्रममा रास्वपाका नेता पशुराम साहको समेत उपस्थिति रहेको थियो । साहले चामल, दाल, तेल, आलु, प्याज लगायतका दैनिक उपभोग्य सामग्रीका साथै केही नगद रकम उपलब्ध गराएका छन् । उनले सामाजिक उत्तरदायित्वलाई जोड दिँदै भने, "राजनीति मात्र होइन, समाजसेवामा पनि सबैले हातेमालो गर्न आवश्यक छ । सानो सहयोगले पनि कसैको जीवनमा ठूलो परिवर्तन ल्याउन सक्छ ।" सहयोग प्राप्त गरेपछि सम्बन्धित परिवारले कृतज्ञता व्यक्त गर्दै आगामी वैवाहिक जीवन सफल र सुखमय होस् भन्ने कामना गरेका छन् । स्थानीयवासीले समेत साहको यस पहलको प्रशंसा गर्दै यस्ता कार्यले समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने बताएका छन् ।

# पटेलद्वारा रक्तदान 'मधेश महा-रक्तदान' अभियानमा थपियो उत्साह

शु. आ. सम्वाददाता
रौतहट , १३ वैशाख




रक्तदान जीवनदान जीवनदान महादान भन्ने मूल मन्त्रका साथ मधेश प्रदेशका आठवटै जिल्लामा सञ्चालित मधेश महा-रक्तदान अभियान अन्तर्गत रौतहटमा उत्साहजनक सहभागिता देखिएको छ । यसै क्रममा परोहा नगरपालिकाका मेयर प्रत्याशी पावन पटेलले जिल्लाको सदरमुकाम गौरको घण्टाघर चोकमा आयोजित कार्यक्रममा स्वयं उपस्थित भई रक्तदान गरेका छन् ।

जनप्रतिनिधिको प्रत्यक्ष सहभागिताले रक्तदान जस्तो मानवीय कार्यमा सर्वसाधारणलाई थप प्रेरित गरेको छ । मेयर पटेलले रक्तदान गर्दै मानवताको उत्कृष्ट उदाहरण प्रस्तुत गर्नुका साथै रगतको अभावमा कसैले पनि ज्यान गुमाउनु नपरोस् भन्ने सन्देश प्रवाह गरेका छन् ।

मधेश प्रदेशभर एकैसाथ बृहत् अभियान

मधेश प्रदेशका सबै जिल्लाहरूमा एकैसाथ सञ्चालन गर्ने लक्ष्य राखिएको यस महा-रक्तदान कार्यक्रम रौतहटको सदरमुकाम गौरमा भव्य रूपमा अगाडि बढेको छ । रगतको माग र आपूर्तिबीचको खाडललाई कम गर्न र समुदायमा चेतना फैलाउन यो अभियान कोशेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ । जनप्रतिनिधि, युवा र नागरिक समाजको उत्साहजनक उपस्थिति रगतको अभावमा हुने जोखिम न्यूनीकरण र मानवीय सेवा

आयोजक तथा सहयोगी निकाय

यो अभियान वियिम यिच ल्सउबि र रगतका कुरा को संयुक्त आयोजनामा सम्पन्न भएको हो । कार्यक्रमलाई सफल पार्न YATRA (Hope Rights Growth) र RDC Nepal ले सहकार्य गरेका छन् भने नेपाल रेडक्रस सोसाइटी, रक्तसञ्चार केन्द्र गौरले प्राविधिक व्यवस्थापन सम्हालेको छ । हामी बाँड्छौं, हामी ख्याल राख्छौं We Share, We Care भन्ने नारालाई चरितार्थ गर्दै आयोजकले रौतहटवासी स्वस्थ युवाहरूलाई रक्तदानमा सहभागी हुन निरन्तर आह्वान गरिरहेका छन् । एक युनिट रगतले तीन जनासम्मको अमूल्य जीवन बचाउन सक्ने तथ्यलाई ध्यानमा राख्दै जिल्लाका अन्य क्षेत्रबाट पनि रक्तदानका लागि स्वतःस्फूर्त सहभागिता बढ्दो क्रममा छ । यस प्रकारका कार्यक्रमले प्रदेशस्तरमै एकता र मानवीय सेवाको नयाँ आयाम थपेको नागरिक समाजका अगुवाहरूले बताएका छन् । थप समन्वयका लागि आयोजकले 'रक्तसेवा हटलाइन' मार्फत जानकारी उपलब्ध गराइरहेको छ ।

# अपहरण तथा कर्तव्य ज्यान मुद्दाका फरार दोषी पर्साबाट पक्राउ

*शु.आ. संवाददाता*
*पर्सा, १३ वैशाख*

अपहरण तथा कर्तव्य ज्यान मुद्दामा दोषी ठहर भई २५ वर्ष कैद सजाय तोकिएका एक फरार अभियुक्तलाई पर्सा प्रहरीले पक्राउ गरेको छ ।



जिल्ला प्रहरी कार्यालय पर्साले जारी गरेको प्रेस विज्ञप्तिअनुसार विशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले वीरगन्ज महानगरपालिका-२४ रामगढवा क्षेत्रबाट भारत बिहार राज्य सीतामढी जिल्ला बैरिया थाना बगहा निवासी ३० वर्षीय विकास शर्मा पक्राउ परेका हुन् । उनी केन्द्रीय कारागार जगन्नाथदेवल, काठमाडौंबाट फरार भएका थिए । पक्राउ परेका शर्मालाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी सम्बन्धित कारागार कार्यालयमा बुझाउने प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार उनीविरुद्ध अपहरण तथा कर्तव्य ज्यान मुद्दामा अदालतले २५ वर्ष कैद सजाय सुनाएको थियो । फरार रहेका उनलाई लामो समयदेखि खोजी कार्य जारी राखिएको थियो ।

पक्राउपछि सार्वजनिक गरिएको विवरणअनुसार शर्मालाई २०८२ वैशाख १३ गते नियन्त्रणमा लिइएको हो । घटनापछि जिल्ला प्रहरी कार्यालय पर्साले फरार अभियुक्तहरू विरुद्ध खोजी कार्य अझ सशक्त बनाइने जनाएको छ । प्रहरीले गम्भीर प्रकृतिका अपराधमा संलग्न फरार अभियुक्तहरूलाई कानुनी दायरामा ल्याउने अभियानलाई निरन्तरता दिने समेत स्पष्ट पारेको छ ।

तपाईंले तिरेको कर तपाईंकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका